# औरही नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

औरही, महोत्तरी

प्रदेश नं. २, नेपाल

औरही नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
औरही, महोत्तरी
मधेश प्रदेश, नेपाल
२०७४

## "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र

## सम्बन्धी

## कार्यविधि २०७५

नगरकार्यपालिकाबाट प्रथम संशोधित मिति :- २०७५/१०/२८

# औरही नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
औरही, महोत्तरी
प्रदेश नं. २, नेपाल

२०७४ कार्यपालिकाबाट प्रथम संशोधित मिति:- २०७५/१०/२८

# "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि

स्थानीय स्तरको विकास निर्माणमा निजिक्षेत्रको ज्ञान र विषेशज्ञतालाई उपयोग गर्न तथा सार्वजनिक खरीद मूलभूत विशेषताहरुलाई अक्षुण राखी सार्वजनिक निर्माणको क्षेत्रमा पारदर्शिता, स्वच्छता, इमान्दारीता, जवाफदेहीता, विश्वसनियता तथा भेदभाव रहित प्रतिस्पर्धा तथा श्रोत साधनको उच्चतम उपयोग जस्ता उद्धेश्यहरु हासिल गर्न सार्वजाकि निर्माणमा निजिक्षेत्रको सहज पहुंचको लागि स्थानीय सरकार सचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को छ (१०) ले दिएको अधिकार प्रयोग गरी औरही नगरपालिका यो कार्यविधि जारी गरेको छ।

## (१) इजाजतपत्र प्राप्त नगरी सार्वजनिक निर्माण कार्य गर्न नहुने :

प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको वाहेक यस कार्यविधि बमोजिम इजाजतपत्र प्राप्त नगरी "घ" वर्गको निर्माण व्यवसायीको नामबाट कसैले पनि सार्वजनिक निर्माण कार्य गर्न गराउन हुँदैन।

## (२) नयाँ इजाजतपत्र सम्बन्धी व्यवस्था :

(१) सार्वजनिक निर्माण कार्य गर्न चाहने निर्माण व्यवसायीले अनुसूची-१ बमोजिमको ढाँचामा सार्वजनिक निर्माण कार्य गर्न इजाजतपत्रको लागि यस औरही नगरपालिकाको कार्यालयमा प्रमुख प्रशासकीय अधिकृत समक्ष दरखास्त दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पर्न आएका दरखास्तहरु प्रमुख प्रशासकीय अधिकृतले अनुसूची-५ बमोजिमको योग्यता भए/नभएको सम्वन्धमा सिभिल ईन्जिनीयर/सव ईन्जिनीयर सहित सदस्य भएको समितिवाट जाँचवुझ गराउनु पर्नेछ।

(३) दफा (२) को उपदफा (२) अनुसारको समितिले गरेको सिफारिस सहित प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र प्रदान गर्ने निर्णयकालागि कार्यपालिकाको बैठकमा पेश गर्नुपर्ने छ।

(४) उपदफा (२) बमोजिम समितिले सिफारिस सहित न्युनतम योग्यता पुगेका निमार्ण व्यवसायी फर्म /कम्पनीहरुको इजाजतपत्र कार्यपालिकाको निर्णय बमोजिम नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र बापत अनुसूची-२ बमोजिमको दस्तुर लिई निजलाई अनुसूची-३ बमोजिमको ढाँचामा इजाजतपत्र प्रदान गर्नेछ।

## (३) इजाजतपत्रको अवधि र नवीकरण :

(१) दफा २ बमोजिम प्रदान गरिएको इजाजतपत्र दफा ४ बमोजिम खारेज भएको वा प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको अबस्थामा बाहेक चालु आर्थिक वर्षको अन्य सम्म मात्र मान्य रहनेछ।

(२) उपदफा (१) बमोजिम इजाजतपत्रको अवधि समाप्त भएका प्रत्येक निर्माण व्यवसायीले इजाजतपत्रको अवधि समाप्त भएको ३ महिना भित्र प्रचलित कानून बमोजिम संघ, प्रदेश र स्थानीय तहलाई तिर्नुपर्ने कर तिरी सकेको प्रमाण स्वरुप सम्बन्धित संघीय/प्रदेश/स्थानीय कर कार्यालयवाट प्राप्त करचुक्ता प्रमाणपत्र तथा फर्म वा कम्पनीको दर्ता नविकरण सहित सम्वन्धित नगरपालिकावाट अनुसूची-२ बमोजिमको दस्तुर तिरी नविकरण गराउनु पर्नेछ। इजाजतपत्र नविकरण गर्न नगरपालिकामा कागजात पेश गर्दा अनुसूची-४ बमोजिमको पास बुक भरी अधिल्लो आर्थिक वर्षको सो फर्म वा कम्पनीले आफुले गरेको कार्यहरुको अद्यावधिक विवरण सहित पेश गर्नु पर्ने छ। यसरी अनुसूची-४ बमोजिमको पास बुक विवरण अद्यावधिक नगर्ने फर्म वा कम्पनीको इजाजतपत्र नविकरण गर्न नगरपालिका बाध्य हुनेछैन।

(३) उपदफा (२) बमोजिमको म्याद [illegible] महिनाभित्र सबै प्रकृया पुरा गरी इजाजतपत्र नवीकरण गराउन चाहने व्यवसायीले नवीकरण गर्ने [illegible] अनुसूची-२ बमोजिमको थप दस्तुर लिई प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र नवीकरण गरीदिनेछ ।

**४) इजाजतपत्रको खारेजी :**

(१) देहायको अवस्थामा नगरपालिकाले निर्माण व्यवसायीको इजाजतपत्र खारेज गर्न सक्नेछ ।

क) झुट्टा विवरण पेश गरी इजाजतपत्र प्राप्त गरेको प्रमाणित भएमा,

ख) सार्वजनिक निर्माण कार्य गर्ने वा गर्न पाउने उद्देश्यले नेपाल सरकार तथा संगठित संस्थामा झुट्टाविवरण पेश गरको सम्बन्धित निकायवाट लेखि आएमा,

ग) सार्वजनिक निकायसंग भएको सम्झौता बमोजिम कार्य सम्पन्न नगरेको वा सम्झौताको गम्भिर उल्लंघन भएको सम्वन्धित निकायवाट लेखि आएमा ।

(२) उपदफा (१) बमोजिम इजाजतपत्र खारेज गर्ननु अघि सम्बन्धित निर्माण व्यवसायीलाई स्पष्टीकरण पेश गर्न मनासिब माफिकको मौका दिइने छ ।

(३) दफा ३ को उपदफा (३) बमोजिमको म्यादभित्र नवीकरण इजाजतपत्र स्वत : खारेज हुनेछ ।

(४) उपदफा (१) वा (३) बमोजिम इजाजतपत्र खारेज भएकोमा नगरपालिका त्यसको जानकारी सम्बन्धित फर्म वा व्यक्ति वा कम्पनी दर्ता गर्ने कार्यालयलाई दिनेछ ।

**५) इजाजतपत्रको प्रतिलिपी दिने व्यवस्था :**

कुनै निर्माण व्यवसायीले इजाजतपत्र हराए वा नासिएको कारणबाट इजाजतपत्रको प्रतिलिपी पाउन निवेदन गरेमा अनुसूची-२ बमोजिमको दस्तुर लिई इजाजतपत्रको प्रतिलिपी दिनु पर्नेछ ।

**६) प्रचलित कानून बमोजिम हुने :**

यस कार्यविधिमा लेखिए जति यसै बमोजिम र अन्यको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

**७) बचाउ :**

यस अघि प्रचलित कानून बमोजिम दर्ता भएका ठेक्का वन्दोवस्ती सम्वन्धी फर्म तथा कम्पनीहरुलाई दिइएको इजाजतपत्रहरु यसै कार्यविधि बमोजिम दिइएको मानिनेछ ।

गौरही नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गौरही, [illegible]
मधेश प्रदेश, नेपाल
२०७४

# अनुसुचि १

## दरखास्त फारमको नमुना

इजाजतपत्र सम्बन्धी कार्यविधिको दफा २ को उपदफा (१) संग सम्बन्धित इजाजतपत्रको लागि दिइने दरखास्त

दरखास्तवालाको फोटो

विषय : इजाजतपत्र पाउँ भन्ने बारे ।

श्री गौरही नगरपालिकाको कार्यालय

गौरही, महोत्तरी ।

यस ........ कार्यालयको कार्यविधि ........ बमोजिम सार्वजनिक निर्माण कार्य गर्नको लागि इजाजतपत्र पाउन निम्न विवरण भरी यो दरखास्त पेश गरिएको छ ।

१. दरखास्त पेश गर्ने फर्म वा कम्पनीको :-

नाम :-

ठेगाना :-

पोष्ट बक्स :-

ईमेल :-

टेलिफोन नं

फ्याक्स नं

२. फर्म वा कम्पनीको प्रकृति

प्राइभेट लिमिटेड कम्पनी

एकलौटी

पब्लिक लिमिटेड कम्पनी

साझेदारी

(कोष्ठमा ठीक चिन्ह लगाउनु पर्नेछ)

३. दरखास्तमा सहि गर्ने फर्म वा कम्पनीको आधिकारिक व्यक्तिको :

नाम, थर :-

पोष्ट बक्स :-

ठेगाना :-

फ्याक्स नं. :-

टेलिफोन नं

ईमेल :-

४. फर्म वा कम्पनीको विवरण :-

दर्ता मिति :-

दर्ता नं :-

जारी पूँजी :-

अधिकृत पूँजी :-

दर्ता गर्ने कार्यालयको नाम र ठेगाना :-

५. इजाजतपत्र लिन चाहेको वर्ग :- (क) वर्ग

६. दस्तुरीकरण हुन चाहेको समूह :-

७. आर्थिक स्रोतको विवरण :-

| | रकम | वित्तीय संस्था वा निकायको नाम |
|---|---|---|
| स्थायी ओभरड्राफ्ट | | |
| मुद्दती खाता | | |
| चल्ती खाता | | |

४

अनुसूचि २

कार्यविधिको दफा २ को उपदफा (१) र दफा ३ को उपदफा (३) सग सम्बन्धित

इजाजतपत्र दस्तुर, नवीकरण दस्तुर र प्रतिलिपि दस्तुर

| क.सं. | निर्माण व्यवसायी को वर्ग | इजाजतपत्र दस्तुर | इजाजतपत्र नवीकरण दस्तुर | इजाजतपत्र नवीकरण थप दस्तुर | इजाजतपत्र प्रतिलिपी दस्तुर |
|---|---|---|---|---|---|
| १ | घ | रु ५,०००।- | रु २,०००।- | रु १,०००।- | रु १,०००।- |

द्रष्टव्य : घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २० बमोजिम का दफा ३ को उपदफा (४) बमोजिम म्यादभित्र इजाजतपत्र नवीकरण नगराएमा इजाजतपत्र नवीकरण थप दस्तुरको सट्टामा उल्लिखित दस्तुर मात्र लिनुपर्नेछ।

## अनुसूची-३

कार्यविधि को दफा २ को उपदफा (१) र दफा ३ को उपदफा (३) सग सम्बन्धित

### इजाजतपत्र

इजाजतपत्र नं. ...........................

मिति :- ...............

औरही नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
औरही, महोत्तरी
प्रदेश नं. २, नेपाल

"घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २०........ को दफा २ को उपदफा (४) बमोजिम निर्माण व्यवसाय गर्न ................ स्थित कार्यालय भएको ................ फर्म वा कम्पनीलाई इजाजतपत्र प्रदान गरिएकोछ।

इजाजतपत्र दिनेको :-
दस्तखत :-
नाम :-
पद :-
मिति :-
कार्यालय :-

(दल वुलभिव कुन वर्ग लेख्नु पर्ने हो सोही वर्ग लेख्ने)

नवीकरण

| नवीकरण गर्ने अधिकारी | नवीकरण गरेको मिति | नवीकरण बहाल रहने अवधि | नवीकरण दस्तुर भौचर नं. र मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

## अनुसूची -४

# निर्माण व्यवसायीबाट सम्पन्न सार्वजनिक निर्माण कार्यको अभिलेख विवरण (पासबुक)

| क्र.स. | आयोजनाको नाम | सार्वजनिक निकायको विवरण | संयुक्त उपक्रमको नाम (यदि भएमा) | शेयर (%) | ठेक्का विवरण | सार्वजनिक निकायको तर्फबाट हस्ताक्षर गर्ने पदाधिकारीको विवरण | समयावधि थप विवरण (यदि भएमा) | Variation को विवरण (यदि भएमा) | प्रगति विवरण | ठेक्का सम्पन्न विवरण | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | क) ठेक्का रकम | क) नाम : | क) थप समय : | क) Variation पछिको Contract Amount | क) सम्पन्न रकम | क) अन्तिम ठेक्का रकम | |
| | | | | | ............ | ............ | | | ............ | ............ | |
| | | | | | ख) सम्झौता मिति : | ख) पद : | क) नाम : | क) Variation को निर्णय गर्ने पदाधिकारीको नाम : | ख) सम्पन्न मिति : | ख) सम्पन्न मिति : | |
| | | | | | ............ | ............ | ............ | ............ | ............ | | |
| | | | | | ग) ठेक्का अवधि | ग) हस्ताक्षर | ख) पद : | ख) पद : | ग) सम्पन्न % | | |
| | | | | | ............ | ............ | ............ | ............ | ............ | | |
| | | | | | | घ) छाप | ग) हस्ताक्षर | ग) हस्ताक्षर | घ) नाम : | घ) नाम : | |
| | | | | | | ............ | ............ | ............ | ............ | ............ | |
| | | | | | | | घ) निर्णय मिति : | घ) छाप | पद : | पद : | |
| | | | | | | | | | ............ | ............ | |
| | | | | | | | छाप | ............ | हस्ताक्षर | हस्ताक्षर | |
| | | | | | | | ............ | | ............ | ............ | |
| | | | | | | | | | छाप | छाप | |

## अनुसूची-५

औरही, महोत्तरी
२०७४

### "ध" वर्गको निर्माण व्यवसायीको लागि आवश्यक योग्यता

१. आर्थिक क्षमता : प्राईभेट वा पब्लिक लिमिटेड कम्पनी वा साझेदारी फर्मको रुपमा घटीमा पाँच लाख रुपैयाको चालु पुँजी देखाई उद्योग विभागमा दर्ता भएको हुनु पर्नेछ ।

२. मुख्य जनशक्ति विवरण : मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनीयरिङ्ग विषयमा कम्तिमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्राविधिक, कुनै पनि विषयमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्रशासनिक र वाणिज्य शास्त्र/अर्थशास्त्रमा प्रमाणपत्र तह उत्तीर्ण एक जना जनशक्तिको सेवा पूरा समय प्राप्त हुने व्यवस्था हुनु पर्नेछ ।

३. मेशीन र उपकरण :

क) टिपर/ट्र्याक्टर (एक थान)
ख) मिक्सर (एक थान)
ग) Theodolite /Level Machine (एक सेट)
घ) वाटर पम्प (तीन थान)
ङ) भाइब्रेटर (तीन थान)

द्रष्टव्य :
१. उपकरणको नामावली पेश गर्दा उपकरणको स्वामित्वको प्रमाणपत्रका साथै बीमा गरेको कागजातहरु पेश गर्नु पर्नेछ ।
२. माथि उल्लिखित यान्त्रिक उपकरणहरु ठीक अवस्थामा भएको कुरा मेकानिकल ईन्जिनीयरिङ्ग विषयमा कम्तीमा स्नातक तहको
शैक्षिक योग्यता भएको नेपाल ईन्जिनियर्स एशोसिएशनको सदस्यता प्राप्त मेकानिकल ईन्जिनियरले प्रमाणित गरेको हुनु पर्नेछ ।
३. माथि उल्लिखित यन्त्र उपकरणहरु दर्ता भएको मितिले घटीमा दुई वर्षसम्म बेचबिखन गर्नपाइने छैन ।
४. पन्ध्र वर्ष भन्दा बढी पुरानो यन्त्र उपकरणहरू निर्माण व्यवसायिको स्तर बृद्धि तथा नयाँ दर्ता हुने प्रयोजनको लागि मान्य हुने छैन ।
५. टिपर वा ट्र्याक्टर आफ्नो स्वामित्वमा नभए टिपर धनी वा ट्र्याक्टर धनीसग लिखित सम्झौता गरी कम्तिमा ३ (तीन) वर्ष प्रयोग
गर्ने अधिकार पाएको कागज पेश गर्ने ।